# **कर्णाली उज्यालो कार्यक्रम सञ्चालन कार्यविधि, २०७९**

प्रदेश मन्त्रिपरिषद्बाट स्वीकृति मिति
2079/09/25

विद्युतको पहुँच नपुगेका कर्णाली प्रदेशका ग्रामीण बस्तीमा वैकल्पिक विद्युत सेवाको पहुँच पुऱ्याउन वाञ्छनीय भएकोले,

कर्णाली प्रदेश विनियोजन ऐन, 2079 को दफा ९ ले दिएको अधिकार प्रयोग गरी कर्णाली प्रदेश सरकारले यो कार्यविधि बनाएको छ।

1. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "कर्णाली उज्यालो कार्यक्रम सञ्चालन कार्यविधि, 2079" रहेको छ।

   (२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

2. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

   (क) "आयोजना" भन्नाले यस कार्यविधि बमोजिम स्थानीय तह वा कार्यालयले कार्यान्वयन गर्ने पिको जलविद्युत आयोजना, लघु जलविद्युत आयोजना, साना जलविद्युत आयोजना, सौर्य मिनिग्रीड प्रणाली, संस्थागत सौर्य विद्युत प्रणाली, सौर्य घरेलु विद्युत प्रणाली र सडक वत्ती आयोजना सम्झनु पर्छ।

   (ख) "उपभोक्ता समिति" भन्नाले निर्माण कार्यबाट प्रत्यक्ष लाभ पाउने व्यक्तिहरुले कुनै निर्माण कार्यको निर्माण, सञ्चालन र मर्मत सम्भार गर्नका लागि कार्यलय वा स्थानीय तहको रोहवरमा आफूहरुमध्येबाट गठन गरी वडाबाट सिफारिस भई कार्यालय वा स्थानीय तहमा वा संघ संस्था दर्ता सम्बन्धी प्रचलित कानून बमोजिम जिल्ला प्रशासन कार्यालयमा दर्ता भएका समिति सम्झनु पर्छ।

   (ग) "कार्यालय" भन्नाले मन्त्रालयको मातहतमा रहेका निर्देशनालय र जिल्ला स्थित खानेपानी, सिंचाइ तथा ऊर्जा विकास कार्यालय सम्झनु पर्छ।

   (घ) "केन्द्र" भन्नाले नेपाल सरकार मातहतहको वैकल्पिकउर्जा प्रवर्द्धन केन्द्रलाई सम्झनु पर्छ।

(ङ) "टोल विकास संस्था" भन्नाले स्थानीय कानून अनुसार स्थानीय तहले गठन गरेको टोल विकास संस्था सम्झनु पर्छ।

(च) "मन्त्रालय" भन्नाले कर्णाली प्रदेश सरकार, जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय सम्झनु पर्छ।

(छ) "लाभग्राही" भन्नाले यस कार्यविधि बमोजिम उत्पादित वा जडित विद्युत प्रयोग गर्ने व्यक्ति, संस्था वा समुदाय सम्झनु पर्छ।

(ज) "समिति" भन्नाले दफा 1७बमोजिमको निर्देशक समिति सम्झनु पर्छ।

(झ) "सार्वजनिक संस्था" भन्नाले स्थानीय तहमा रहेका सरकारी विद्यालय, क्याम्पस, स्वास्थ्य चौकी जस्ता सार्वजनिक संस्था सम्झनु पर्छ।

(ञ) "स्थानीय तह" भन्नाले कर्णाली प्रदेशभित्र आयोजना सञ्चालन हुने सम्बन्धित गाउँपालिका वा नगरपालिका सम्झनु पर्छ।

(ट) "विकास साझेदार" भन्नाले विभिन्न क्षेत्रको विकास तथा निर्माणका लागि नेपाल सरकारलाई वित्तीय, प्राविधिक एवम् वस्तुगत सहायता प्रदान गर्ने द्वीपक्षीय राष्ट्र र बहुपक्षीय संस्थालाई सम्झनु पर्छ।

**3. <u>आयोजनाको निर्माण कार्य:</u>** (१) यस कार्यविधी बमोजिम कार्यालय वा स्थानीय तहले आवश्यकता अनुसार प्रचलित कानुन अनुसार सरकारी संस्था, नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको सार्वजनिक संस्था वा उपभोक्ता समिति वा निर्माण व्यबसायी मार्फत आयोजनाको निर्माण कार्य गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम देहायका आयोजना सञ्चालन गर्न सकिनेछः-

(क) पिको जलविद्युत आयोजना

(ख) लघु जलविद्युत आयोजना

(ग) साना जलविद्युत आयोजना

(घ) सौर्य मिनिग्रीड प्रणाली

(ङ) संस्थागत सौर्य विद्युत प्रणाली

(च) सौर्य घरेलु विद्युत प्रणाली

(छ) सडक बत्ती कार्यक्रम

**4.** **आयोजनाको आवश्यकता पहिचानः** विद्युतको पहुँच नपुगेको कारण दैनिक क्रियाकलाप सञ्चालनमा कठिनाई भएका क्षेत्रमा प्रदेश सरकार वा कार्यालय वा स्थानीय तहले आयोजना निर्माण गर्नु पर्ने भनी प्राथमिकता तोकेका क्षेत्रलाई आधार मानी कार्यालयले आयोजनाको आवश्यकता पहिचान गर्नेछ।

**5.** **आयोजनाको प्राथमिकता प्राप्त क्षेत्रः** दफा 4 बमोजिम कार्यालयले आयोजनाको आवश्यकता पहिचान गर्दा देहायका क्षेत्रलाई प्राथमिकता दिनुपर्नेछः-

(क) जिल्ला सदरमुकाम,

(ख) स्थानीय तहको केन्द्र,

(ग) सरकारी अस्पताल, स्वास्थ्य चौकी, सरकारी विद्यालय र अन्य सार्वजनिक संस्था,

(घ) मोटर बाटो नभएको दुर्गम क्षेत्रका कम्तीमा पच्चीस घर परिवार रहेको बस्ती।

**6.** **उपभोक्ता समितिको छनौटः** (१) यस कार्यविधि बमोजिम कार्यालय वा स्थानीय तहले उपभोक्ता समिति मार्फत् आयोजना निर्माण कार्य गर्दा स्थानीय संचार माध्यम, कार्यालयको सूचना पाटी र वेबसाइट मार्फत पन्ध्र दिनको सार्वजनिक सूचना प्रकाशन गरी उपभोक्ता समितिबाट निवेदन माग गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको सार्वजनिक सूचना भएपछि आयोजना सञ्चालन गर्न ईच्छुक उपभोक्ता समितिले स्थानीय तहको सिफारिस सहित कार्यालयमा निवेदन दिनुपर्नेछ।

(३) उपदफा (२) बमोजिम प्राप्त निवेदन उपर कार्यालयले प्रारम्भिक अध्ययन वा स्थलगत अनुगमन गरी दफा ५ बमोजिमको प्राथमिकताक्रम सहित प्रतिवेदन तयार गरी मन्त्रालय समक्ष पेश गर्नुपर्नेछ।

(४) उपदफा (३) बमोजिमको प्रतिवेदन प्राप्त भएपछि निर्माण गरिने आयोजना मन्त्रालयले छनौटग री सोको विवरण सम्बन्धित कार्यालयमा पठाउनुपर्नेछ।

(५) उपदफा (४) बमोजिम छनौट भएका आयोजनाको सूची कार्यालयले वेबसाइट र सूचना पाटी मार्फत सार्वजनिक गर्नुपर्नेछ र सोको जानकारी सम्बन्धित उपभोक्ता समितिलाई दिनुपर्नेछ।

(६) तीस लाख रुपैयाँ भन्दा बढीका आयोजना उपभोक्ता समिति मार्फत सञ्चालन गर्दा सो समिति, संघ संस्था दर्ता सम्बन्धी प्रचलित कानून बमोजिम सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा समेत दर्ता भएको हुनुपर्नेछ।

7. **सम्भाव्यता अध्ययन गर्नुपर्नेः** कार्यालयले वा स्थानीय तहले आयोजना निर्माण तथा सञ्चालनका लागि विस्तृत सम्भाव्यता अध्ययन प्रतिवेदन र लागत अनुमान तयार गर्नु पर्नेछ।

8. **बजेट व्यवस्थाः** यस कार्यविधि बमोजिम आयोजना सञ्चालन गर्न आवश्यक रकम मन्त्रालयले वार्षिक विनियोजित बजेटमा व्यवस्था गर्नुपर्नेछ।

9. **आयोजना निर्माणको आधारः** आयोजनाको निर्माण गर्दा देहाय बमोजिमका आधारमा गर्नुपर्नेछः-

(क) पिको, लघु तथा साना जलविद्युत आयोजना निर्माणः

1. बिगतमा सम्पन्न भएका तर भुक्तानी गर्न बाँकी रहेका आयोजना,
2. कार्यालय र केन्द्रबीचको समझदारीमा निर्माण हुने आयोजना,
3. चालु अवस्थामा नरहेका सम्पन्न भइसकेका आयोजना,
4. दातृ वा अन्य निकायसँग समझदारी भएका आयोजना,
5. स्थानीय तहको लगानीमा निर्माण हुने आयोजना।

**स्पष्टीकरणः** खण्ड (क) को प्रयोजनका लागि

(१) "पिको जलविद्युत आयोजना" भन्नाले दश किलोवाटसम्म जडित जलविद्युत प्रणाली सम्झनु पर्छ।

(२) "लघु जलविद्युत आयोजना" भन्नाले दश किलोवाटभन्दा माथि एकसय किलोवाटसम्म जडित जलविद्युत प्रणाली सम्झनु पर्छ।

(३) “साना जलविद्युत आयोजना” भन्नाले एकसय किलोवाट भन्दा माथि एकहजार किलोवाटसम्म जडित जलविद्युत प्रणाली सम्झनु पर्छ।

(ख) सौर्य मिनिग्रीड प्रणाली वा संस्थागत सौर्य विद्युत प्रणाली वा सौर्य घरेलु विद्युत प्रणाली निर्माणः

1. बिगतमा सम्पन्न भएका तर भुक्तानी गर्न बाँकी रहेका आयोजना,
2. कार्यालय र केन्द्र बीचको समझदारीमा निर्माण हुने आयोजना,
3. कार्यालय र केन्द्र बीचको समझेदारीमा निर्माण सम्पन्न भएका आयोजना,
4. विकास साझेदारसँग समझदारी भएका आयोजना,
5. स्थानीय तहको लगानीमा निर्माण हुने आयोजना।

**स्पष्टीकरणः** खण्ड (ख) को प्रयोजनका लागि

(१) “सौर्य मिनिग्रीड प्रणाली” भन्नाले राष्ट्रिय प्रसारण लाइन वा अन्य स्रोतबाट विद्युत सेवा उपलब्ध नभएका क्षेत्रमा सौर्य ऊर्जा स्रोतबाट दश किलोवाट वा सो भन्दा बढी क्षमताका साना तथा मझौला ग्रीडमा आधारित नयाँ तथा पुराना पिको, लघु तथा साना जलविद्युत प्रणाली वा सौर्य मिनिग्रीड प्रणाली सम्झनु पर्छ।

(२) “संस्थागत सौर्य विद्युत प्रणाली भन्नाले सार्वजनिक संस्थामा जडित सौर्य विद्युत प्रणाली सम्झनु पर्छ।

(३) “सौर्य घरेलु विद्युत प्रणाली” भन्नाले ब्याट्री, सोलार चार्ज, कन्ट्रोलर र उपयुक्त संख्यामा बल्बहरु समेतको पचास वाट वा सोभन्दा बढी क्षमता भएको सौर्य फोटोभोल्टिक पाता सहितको एकल घरायसी वा संस्थागत प्रयोजनको सौर्य प्रणाली सम्झनु पर्छ।

**10.** **<u>सडक बत्ती कार्यक्रमः</u>** (१) मन्त्रालयले स्थानीय तह मार्फत संचालन हुने गरी स्थानीयतहले तोकेको घना बस्तीहरुमा स्थानीय तहको लागत सहभागितामा सडक बत्तीको प्रयोजनको लागि कार्यक्रम छनौट गर्नु पर्नेछ।

(२) उपदफा (१) को प्रयोजनका लागि मन्त्रालयले स्थानीय तहहरुलाई एकमुष्ठ वा तीन किस्तामा नबढ्ने गरी चरणबद्ध रुपमा सशर्त अनुदान उपलब्ध गराउन सक्नेछ।

(३) कार्यालयले स्थानीय तहले पहिचान गरेको घना बस्ती रहेका स्थानीय तहबाट लागत सहभागितामा आधारित सडक बत्तीका आयोजना सञ्चालन गर्ने प्रस्ताव आवह्वान गरी रीत पुगेका प्रस्तावलाई निर्णयका लागि मन्त्रालयमा पठाउनुपर्नेछ।

(४) उपदफा (३) बमोजिम प्रस्ताव पेश गर्दा स्थानीय तहले कार्यपालिकाको बैठकबाट निर्णय गरी कुल लागतको अनुसूचीमा उल्लेख भएबमोजिमको लागतस हभागिता जुटाउनुपर्ने प्रतिवद्धताको निर्णय समेत पेश गर्नुपर्नेछ।

(५) स्थानीय तहले उपदफा (४) बमोजिमको लागत सहभागिता स्थानीय लाभग्राही उपभोक्ता मार्फत जुटाउन सक्नेछ।

(६) यस दफा बमोजिमको लागत सहभागितामा आधारित सडक बत्ती कार्यक्रम उपभोक्ताको नगद लागत जुट्न सकेको अवस्थामा प्रचलित कानून बमोजिम गठित उपभोक्ता समिति मार्फत् र उपभोक्ताको नगद लागत सहभागिता नजुट्ने अवस्थामा प्रचलित कानून बमोजिम निर्माण व्यवसायीबाट कार्यान्वयन गर्नुपर्नेछ।

(७) यस दफा बमोजिम खरिद गरिने सडक बत्तीको प्राविधिक स्पेशीफिकेशन मन्त्रालयले निर्धारण गरेबमोजिम हुनेछ।

**11.** **<u>प्राविधिक सहयोगः</u>** (१) आयोजना निर्माण गर्ने उपभोक्ता समितले कार्यालयसँग आवश्यक प्राविधिक सहयोग माग गर्न सक्नेछ।

(२) आयोजना निर्माणमा आवश्यक पर्ने प्राविधिक जनशक्तिको व्यवस्थापन कार्यालयसँगको समन्वयमा हुनेछ।

(३) कार्यालयले जनशक्तिलाई आवश्यक तालिम प्रदान गर्न सक्नेछ।

(४) कार्यालयमा प्राविधिक सहयोगका लागि जनशक्ति नभएको अवस्थामा कार्यालयले मन्त्रालयसँग समन्वय गर्नुपर्नेछ।

12. **<u>सम्झौता गर्नुपर्नेः</u>** कार्यालयले वा स्थानीय तहले प्रचलित कानूनको अधीनमा रही दफा ६ को उपदफा (४) बमोजिम आयोजना निर्माण गर्न छनौट भएको उपभोक्ता समितिसँग सम्झौता गर्नुपर्नेछ।

13. **<u>आयोजनाको हस्तान्तरणः</u>** (१) आयोजनाको निर्माण सम्पन्न भएपछि सञ्चालनका लागि कार्यालयले निश्चित शर्त तोकी देहायका निकायलाई हस्तान्तरण गर्न सक्नेछः-

(क) सम्बन्धित उपभोक्ता समिति,

(ख) टोल विकास संस्था,

(ग) स्थानीय तह,

(घ) अन्य सम्बन्धित सार्वजनिक निकाय।

(२) उपदफा (१) बमोजिम उपभोक्ता समितिलाई आयोजना हस्तान्तरण गर्दा उक्त समिति संघ संस्था दर्ता सम्बन्धी प्रचलित कानून बमोजिम सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा दर्ता भएको हुनुपर्नेछ।

14. **<u>अनुमति दिन सक्नेः</u>** कुनै सरकारी स्वामित्वमा रहेको निकायले लगानी गरी आयोजना निर्माण गर्न चाहेको खण्डमा मन्त्रालयले निश्चित शर्त तोकेर आयोजना निर्माण गर्न अनुमति दिन सक्नेछ।

15. **<u>निर्देशक समितिः</u>** (१) यस कार्यविधि बमोजिम निर्माण र सञ्चालन हुने आयोजनाको निर्माण, सञ्चालन, हस्तान्तरण लगायतका बिषयमा आवश्यक निर्देशन, समन्वय र सहजीकरण गर्ने प्रयोजनका लागि प्रदेश स्तरमा देहाय बमोजिमको एक निर्देशक समिति रहनेछः

(क) मुख्यमन्त्री - संयोजक

(ख) मन्त्री, मन्त्रालय. -सदस्य

(ग) सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय -सदस्य

(घ) सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय -सदस्य

(ङ) सचिव, मन्त्रालय सदस्य-सचिव

(२) समितिको बैठक आवश्यकताअनुसार संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(३) समितिले आफ्नो बैठकमा आवश्यकता अनुसार सम्बन्धित बिषय विज्ञ र सरोकारवालालाई आमन्त्रण गर्न सक्नेछ।

(४) समितिको बैठक सम्बन्धी कार्यविधि समितिले आफैँले निर्धारण गरेबमोजिम हुनेछ।

**16.** **<u>समितिको काम, कर्तव्य र अधिकारः</u>** (१) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) आयोजना निर्माण सम्बन्धी आवश्यक नीतिगत निर्णय गर्ने,

(ख) केन्द्र मार्फत निर्माण हुने आयोजनाको छनौट र लागत सहभागिताको हिस्सा निर्धारण गर्ने,

(ग) आयोजना कार्यान्वयनको अवस्थाबारे जानकारी लिने र आवश्यकता अनुसार निर्देशन, समन्वय र सहजीकरण गर्ने,

(घ) आयोजना निर्माण हुने स्थानीय तहसँग समन्वय गर्ने,

(ङ) आयोजना निर्माण तथा सञ्चालनका क्रममा आइपरेका समस्याको समाधान वा बाधा अडचन फुकाउने।

**17.** **<u>लागत सहभागिताः</u>** आयोजनानिर्माण गर्ने निकायले व्यहोर्नुपर्ने लागत सहभागिताको हिस्सा अनुसूची बमोजिम हुनेछ।

**18.** **विकास साझेदारहरूसँगको सहकार्यमा आयोजना संचालन**: प्रदेश सरकारसँग लागत सहभागितामा उर्जा सम्बन्धी कार्यक्रम संचालन गर्ने भनी नेपाल सरकारसँग सम्झौता गरेका विकास साझेदारहरूसँग स्वीकृत कार्यक्रम दस्तावेज अनुसार यस कार्यविधि बमोजिमका आयोजनाहरू उक्त निकायहरूसँग प्रचलित कानून बमोजिम सम्झौता गरी संचालन गर्न सकिनेछ।

19. **सशर्त अनुदान उपलब्ध गराउनेः** यस कार्यविधि बमोजिम स्थानीय तह मार्फत कार्यान्वयन हुने आयोजनाका लागि मन्त्रालयले स्थानीय तहलाई सशर्त अनुदान उपलब्ध गराउनु पर्नेछ।

20. **अनुगमन र मूल्याङ्कनः** निर्देशक समिति, मन्त्रालय, कार्यालय वा स्थानीय तहले आयोजना निर्माण तथा सञ्चालनका सम्बन्धमा आवश्यकता अनुसार अनुगमन र मूल्याङ्कन गर्न सक्नेछन्।

21. **लेखाङ्कन तथा प्रतिवेदनः** आयोजना निर्माणको लेखाङ्कन, प्रतिवेदन तथा लेखापरीक्षण प्रचलित कानून बमोजिम हुनेछ।

22. **आयोजनाको सार्वजनिक परिक्षणः** आयोजना निर्माण गर्ने उपभोक्ता समितिले आयोजना सम्पन्न भएपछि आयोजना निर्माण तथा सञ्चालनको लागि प्राप्त भएको रकम, लागेको खर्च तथा आयोजनाबाट प्राप्त उपलब्धिको सम्बन्धमा आयोजना स्थलमा लाभग्राहीको भेला गराई आयोजनाको सार्वजनिक परीक्षण गर्नु पर्नेछ।

23. **फरफारक गर्नुपर्नेः** आयोजना सम्पन्न भई आयोजनाको अन्तिम भुक्तानी भएपछि सम्पन्न आयोजनाको फरफारक कार्यालयले गरी सोको प्रतिवेदन मन्त्रालयमा पठाउनु पर्नेछ।

24. **निर्देशन पालना गर्नुपर्नेः** आयोजना निर्माण तथा सञ्चालनका सिलसिलामा समिति, मन्त्रालय, कार्यालय वा स्थानीय तहले दिएका निर्देशन आयोजना निर्माण तथा सञ्चालन गर्ने सम्बन्धित निकायले पालना गर्नु पर्नेछ।

25. **कारवाही हुनेः** आयोजनाबाट लाभान्वित हुने उद्देश्यले कुनै व्यक्तिले झुट्ठा विवरण पेश गरेमा वा त्यस्ता व्यहोरा सिफारिस गरेको ठहर हुन आएमा वा आयोजना निर्माण गर्ने उपभोक्ता समिति वा निर्माण व्यबसायीले तोकिएको गुणस्तर र परिमाण बमोजिम निर्माण नगरेमा वा आयोजनाको रकम हिनामिना गरेमा वा गलत विवरण राखी भुक्तानी लिएमा त्यस्ता निकाय वा व्यक्तिलाई प्रचलित कानून बमोजिम कारबाही हुनेछ।

26. **दोहोरो सुविधा लिन नपाउनेः** यस कार्यविधि बमोजिम सञ्चालित आयोजनामध्ये कुनै एक आयोजनाबाट लाभान्वित भएका लाभग्राहीले अन्य आयोजनाबाट दोहोरो सुविधा लिन पाउने छैन।

27. **खारेजी र बचाऊः** (१) कर्णाली उज्यालो कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६ खारेज गरिएको छ।

(२) कर्णाली उज्यालो कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६ बमोजिम भए गरेका सम्पूर्ण काम कारबाही यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ।

**अनुसूची**

(दफा 1७ सँग सम्बन्धित)

**आयोजना निर्माण गर्ने निकायले व्यहोर्नुपर्ने लागत सहभागिताको हिस्सा**

| (क) नयाँ निर्माण तर्फ | | |
|---|---|---|
| **आयोजनाको नाम** | **काममा लागतको प्रतिशत** | **कैफियत** |
| पिको जलविद्युत आयोजना | ७ प्रतिशत | |
| लघु जलविद्युत आयोजना | ५ प्रतिशत | |
| साना जलविद्युत आयोजना | ३ प्रतिशत | |
| सौर्य मिनिग्रिड प्रणाली | ५ प्रतिशत | |
| संस्थागत सौर्य विद्युत प्रणाली | ५ प्रतिशत | |
| सौर्य घरेलु विद्युत प्रणाली | १० प्रतिशत | |
| सडकबत्तीकार्यक्रम | २५ प्रतिशत | |
| (ख) सुदृढीकरण तर्फ | | |
| पिको जलविद्युत आयोजना | ९ प्रतिशत | |
| लघु जलविद्युत आयोजना | ७ प्रतिशत | |
| साना जलविद्युत आयोजना | ५ प्रतिशत | |
| सौर्य मिनिग्रिड प्रणाली | ७ प्रतिशत | |
| संस्थागत सौर्य विद्युत प्रणाली | ७ प्रतिशत | |
| सौर्य घरेलु विद्युत प्रणाली | १५ प्रतिशत | |
| सडकबत्तीकार्यक्रम | ३५ प्रतिशत | |